## बैठक नं १९०

आज मिति २०८२/०६/२३ गते यस तादी गाउँपालिकाका अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

### उपस्थिति

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री ध्रुव खनाल | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री विरोचन खनाल | अधिकृत छैठौं | |
| १७. | श्री शर्मिला थापा | कम्प्युटर अपरेटर | |

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. कर्मचारी माग आकृति फाराम पठाउने सम्बन्धमा सम्बन्धमा ।
३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय कार्यान्वयन सम्बन्धमा ।
४. होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ सम्बन्धमा ।
५. विपद् व्यवस्थापनको रकम भुक्तानी सम्बन्धमा ।
६. दोर्खुपुल धन्सार मानेडाँडा सडकको भेरिएसन सम्बन्धमा ।
७. उपभोक्ता समिति गठन सम्बन्धमा ।
८. विविध ।

## निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु कार्यान्वयन सम्बन्धमा छलफल गरी समिक्षा गरियो ।</td></tr>
<tr><td>२</td><td>प्रस्ताव नं. २ उपर छलफल गर्दा प्रदेश लोक सेवा आयोगको चलानी नं ८० मिति २०८२/०६/२१ गतेको पत्रानुसार माग भएको यस गाउँपालिकामा रिक्त रहेको तपशिल बमोजिमको अधिकृतस्तर सातौं तहको पदहरु प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा माग गर्ने निर्णय गरियो ।<br>तपशिल :<br>
<table>
<tr><th>क्र.सं</th><th>पद</th><th>तह</th><th>रिक्त संख्या</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>इन्जिनियर</td><td>अधिकृतस्तर सातौं</td><td>१</td><td></td></tr>
<tr><td>२</td><td>कृषि सेवा अधिकृत</td><td>अधिकृतस्तर सातौं</td><td>१</td><td></td></tr>
<tr><td>३</td><td>पशु सेवा अधिकृत</td><td>अधिकृतस्तर सातौं</td><td>१</td><td></td></tr>
</table>
</td></tr>
<tr><td>३</td><td>प्रस्ताव नं. ३ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं ११३ मिति २०८२/०६/०८ गतेको निर्णय कार्यान्वयन गर्ने/गराउने परिपत्र अवगत भयो ।यस गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था एवम् सामुदायिक विद्यालयहरुमा कार्यरत दरबन्दी बाहेकका अस्थाई तथा करार कर्मचारीहरुको दरबन्दी व्यवस्थापन गर्नको लागि ऐ ऐ निर्णयको दफा ५ को (क) र (ख) बमोजिम हुने गरी ३ महिना भित्रमा संगठन तथा व्यवस्थापन सर्वेक्षण तयार गर्ने र गाउँ सभाबाट पछि अनुमोदन हुने गरी कार्यपालिकाबाट पास गर्ने र प्रदेश किताबखाना, बागमती प्रदेशमा पद दर्ता गर्न पठाई दर्ता भए बमीजिम ह</td></tr>
</table>

२०८२/८/२३

| | |
|---|---|
| | ने गरी हाल लाई स्वकिय सचिव र दैनिक ज्यालादारी बाहेकका कर्मचारीहरुलाई थप ३ महिनाको लागि करार सम्झौता नविकरण गरी निरन्तरता दिने निर्णय गरियो । |
| ४ | प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिकाले तयार गरेको होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो । |
| ५ | प्रस्ताव नं. ५ उपर छलफल गर्दा बर्षातको समयमा यस गाउँपालिका अन्तर्गत क्षतिग्रस्त सडक लगायत अन्य प्रकृतिका कार्यहरुको तपशिल बमोजिमको रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो।<br>तपशिल :<br>१. स्याङचेत जाने बाटो पहिरो सरसफाई — रु १५,५०८।—<br>२. डाँडागाउ पहिरो सरसफाई — रु ३२०००।-<br>३. जोगी गुफा प्रभुडाडा डाडागाउँ गुम्वा डाँडा र डाडा गाउँ सिम्ले सडक मर्मत — रु ६,९८,०००।—<br>४. काल्चे खाप्सुङखोला देखि कुसुमचाम स्याङतानटोल तोगाङ दोर्खुपुल सडक पहिरो सरसफाई — १,१०,०००।—<br>५. जस्तापाता खरिदको रकम — रु ४०,२२८।—<br>६. माझगाँउ पहिरो नियन्त्रण तादी ३ — रु २,६५,५८०।- |
| ६ | प्रस्ताव नं. ६ उपर छलफल गर्दा दोर्खुपुल धन्सार मानेडाँडा सडक निर्माण ठेक्का नं TRM/W/R/081/82-6 अन्तर्गतको आयोजनाको पुर्वानुमान गर्न नसकिएको र बर्षात हुने समय अगावै अधिक बर्षा भई सडक निर्माणको क्रममा भित्तापट्टि भागमा नाला खन्दा भूस्खलन भई थप मेशिनरी र ग्याबियन वाल लगाउनु पर्ने भएकोले भेरिएशन गर्ने निर्णय गरियो । |
| ७ | प्रस्ताव नं. ७ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं ११३ मिति २०८२/०६/०८ गतेको निर्णय कार्यान्वयन गर्ने/गराउने परिपत्र अनुसार नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रु १० लाख भन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट कार्यान्वयन नगाराउने र १० लाख भन्दा मुनिका योजनाहरु यहि कार्तिक मसान्त भित्र उपभोक्ता समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो । |
| ८ | विविध ××× |

082/6/23